नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५७७ दायर मितिः-२०८१/०२/२१**

**फैसला मितिः-२०८१/०३/१०**

| वादी | प्रतिवादी |
|---|---|
| नितु कुमारीको जाहेरीले | जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.९ बस्ने प्रमोद कुमार |
| नेपाल सरकार.........................१ | कानुको छोरा बर्ष १९ को मन्टुबाबु गुप्ता..........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।

२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका दिपक कुमार साह समेतको घटनाविवरण कागज।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०१।२८ गते बेलुका खाना खाई ओछ्यानमा केही बेर मोबाईल चलाई निन्द्रा लागेपछि मोबाईल टेबुलमा राखी सुति भोलीपल्ट ऐ.२९ गते विहान अ.०५:०० बेजेको समयमा उठ्दा टेबुलमा राखेको मोवाईल नदेखी घर परिवारसँग सोधपुछ गर्दा कसैले नलगेको रप्रतिवादी मन्टुबाबु गुप्ताले गाउँ घरमा चोरी गर्ने गरेको जानकारी पाई निज उपर शंका लागी निजलाई खोज्ने क्रममा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१० स्थित सडकमा फेला पारी आफ्नो चोरी भएको मोवाईल सम्बन्धमा सोधपुछ गर्दा निजले आवेशमा आई विभिन्न अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी मुन्टुबाबु गुप्तालाई कैद दिन २३ र जरिवाना रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीमुन्टुबाबु गुप्तालाई ठहरेको कैद दिन २३ को हकमा निज मिति २०८१/०१/२९ देखि २०८१/०२/२० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.न.६५४/२०८१/०२/२१ बाट दाखिला गरेको धरौटी रकम रु.२५००/- बाट जरिवाना रकम रु.२५००/- कट्टी गर्नु ----------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना १० गते सोमवार रोज २/ ने.सं. ११४४ तछलागा तृतिया, शुभम् ........